प्रारम्भिक विश्लेषण पत्र
२९ साउन २०८०
काठमाडौँ, नेपाल

राष्ट्रिय साइवर सुरक्षा नीति, २०८० को प्रारम्भिक विश्लेषण: नेशनल इन्टरनेट गेटवेका नाममा नियन्त्रित इन्टरनेटतर्फको यात्रा

नेपाल सरकारले साउन २३, २०८० को मन्त्रिपरिषद् बैठकबाट राष्ट्रिय साइबर सुरक्षा नीति २०८० पारित गरेको छ । नेपालमा साइवर सुरक्षाको कानुनी र संरचनागत आधार तय गर्नमा यस नीतिले महत्त्वपूर्ण भूमिका निभाउने अपेक्षा गरिएको छ। वि. सं २०७८ ज्येष्ठमा राष्ट्रिय साइबर सुरक्षा नीतिको प्रारम्भिक मस्यौदा र २०८० वैशाखमा नीतिको अद्यावधिक मस्यौदाको विश्लेषण गरी नेपाल सरकारलाई सुझाव उपलब्ध गराएको डिजिटल राइट्स नेपालले मन्त्रिपरिषद्बाट पारित राष्ट्रिय साइबर सुरक्षा नीति, २०८० को प्रारम्भिक विश्लेषण तयार गरेको छ। डिजिटल राइट्स नेपालले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय नीति, कानुन तथा अभ्यासका आधारमा निकट भविष्यमै राष्ट्रिय साइबर सुरक्षा नीति, २०८० को विस्तृत विश्लेषण समेत गर्नेछ।

राष्ट्रिय साइबर सुरक्षा नीति, २०८० को प्रारम्भिक विश्लेषणमा देखिएका केही महत्त्वपूर्ण पक्षहरू यस प्रकार रहेका छन्।

- राष्ट्रिय साइबर सुरक्षा नीतिमा सरकारले मस्यौदामा समावेश नै नगरेको, सरोकारवालाहरुसंग कहिल्यै पनि छलफल नगरिएको बिलकुल नयाँ विषयवस्तुलाई समावेश गरेको छ । पारित नीतिले National Internet Gateway निर्माण गरिने भनी कार्यनीति ११.२५ मा उल्लेख गरेको छ । देशभित्र प्रवेश गर्ने सबै इन्टरनेट ट्राफिकलाई सरकारी गेटवेबाट भित्र छिराइ इन्टरनेटमा प्रभावकारी नियन्त्रण कायम गर्न अवलम्बन गरिने यस्तो उपाय निरङ्कुश शासन व्यवस्था भएका देशहरूमा मात्र प्रयोग भएका छन् । पछिल्लो पटक कम्बोडियाले यस प्रकारको नेशनल गेटवे कार्यान्वयन गर्न खोज्दा एमनेस्टी इन्टरनेसनल, ह्युमन राइट्स वाच लगायतका दर्जनौँ अन्तर्राष्ट्रिय संस्थाले त्यस्तो कदमको विरोध गरेका थिए (https://www.hrw.org/news/2022/05/16/cambodia-should-scrap-rights-abusing-national-internet-gateway)। लोकतान्त्रिक तथा मानव अधिकारको

सम्मान गर्ने उच्च प्रतिबद्धता जनाएको र हाल संयुक्त राष्ट्र सङ्घको मानव अधिकार परिषद्को सदस्य रहेको नेपालले यस किसिमको राष्ट्रिय इन्टरनेट गेटवेको व्यवस्था प्रारम्भिक मस्यौदामा समावेश नगरी, यसको उद्देश्य तथा कार्यका बारेमा उल्लेख नगरी, गुपचुप रूपमा ल्याउनु चिन्ताजनक देखिन्छ। यसले अन्तर्राष्ट्रिय रूपमा नेपालको छबिमा प्रभाव पार्ने मात्र नभई नेपालमा आउने प्रत्यक्ष वैदेशिक **लगानी तथा सहयोगमा** समेत असर पर्न सक्दछ। यस्तो गेटवेबाट सरकारले अनधिकृत रूपमा इन्टरनेट ट्राफिक निगरानी गर्ने, अनलाइन सामग्रीमा नियन्त्रण राख्ने तथा अनुगमन, नियन्त्रण, र सेन्सरशिप समेत गर्ने सम्भावना रहन्छ । पछिल्लो चरणमा कानुनी आधार बिना नै नागरिकको बैयक्तिक विवरण एवम् तथ्याङ्कमा पहुँच राख्न टेरामक्स (TERAMOCS) जस्ता सफ्टवेयरको प्रयोगका लागि नियमनकारी निकायले बढाएको **दबाबको** पृष्ठभूमिमा नेशनल गेटवेले डिजिटल सञ्चारलाई निगरानी र नियन्त्रण गर्ने सरकारको क्षमतालाई थप विस्तारित गर्नेछ र यो नेपालमा नियन्त्रित **इन्टरनेटतर्फको यात्राको बैधानिक आधार खडा गर्नेछ**।

- मस्यौदा नीतिमा नागरिक हक तथा मौलिक अधिकारका सम्बन्धमा केही पनि उल्लेख गरिएको थिएन। नीतिको मस्यौदा विश्लेषणका क्रममा दिइएका सुझाव अनुरूप नीतिको पृष्ठभूमिमा 'नागरिक अधिकारका विश्वव्यापी मान्यता र नेपालको संविधान प्रदत्त मौलिक हकप्रतिको प्रतिवद्धतालाइ कार्यान्वयन गर्न राष्ट्रिय साइबर सुरक्षा नीति' तथा 'नागरिक समाज र निजी क्षेत्र सङ्गको सहकार्य' उल्लेख भएता पनि मानव अधिकार तथा मौलिक हकको संरक्षणको विषय दीर्घकालीन सोच, रणनीति तथा कार्यनीतिमा समेटिएको छैन।

- पारित नीतिमा कार्यान्वयनको योजना समावेश छैन। यो नीतिको कार्यान्वयन कति वर्षमा हुन्छ, त्यसका लागि लाग्ने स्रोत कति हो, कार्यान्वयनका प्राथमिकिकरणका आधार के हुन् भन्ने स्पष्ट छैन।

- नीतिले गहिरो रूपमा समस्याको पहिचान गर्न सकेको छैन। साइवर सुरक्षा सम्बन्धमा आन्तरिक तथा वाह्य समन्वयमा कमी भनी सतही विश्लेषण गरिएको छ, तर आन्तरिक तथा बाह्य समन्वय हुन नसक्नुका कारण पहिचान गरिएको छैन।

- साइवर सुरक्षाका लागि निरन्तर अनुगमन गरी सुरक्षित अनलाइन स्पेस निर्माण गर्ने (१०.८) रणनीति अन्तर्गत यस नीतिले इन्टरनेट तथा साइबर स्पेसमा नागरिक व्यवहारको निरन्तर निगरानी गर्ने तथा अनलाइन स्पेसको नियमनभन्दा निषेधात्मक तथा नियन्त्रणमुखी दृष्टिकोण लिएको छ। यस्तो व्यवस्थाले अभिव्यक्ति स्वतन्त्रतामा अनावश्यक बन्देजको स्थिति सृजना हुनसक्छ।

- साइबर सुरक्षाका लागि जिम्मेवार निकायको रूपमा राष्ट्रिय साइवर सुरक्षा केन्द्र र विभागका बिचमा नियमनकारी भूमिका बाँडफाँड गरिएको छ । एउटा निश्चित नियमनकारी निकायको स्थापना गरिसकेपछि त्यसको भूमिकामा अङ्कुश लगाउने गरी विभागको कार्यक्षेत्र बढाइनु उपयुक्त होइन।

- यस नीतिले प्रविधिको क्षेत्रमा भएका नवीनतम विकास तथा चुनौतीहरूलाई कसरी सम्बोधन गर्ने भन्ने बारेमा केही उल्लेख गरेको छैन। उदाहरणका लागि कृत्रिम बौद्धिकता (Artificial Intelligence) तथा क्लाउड कम्प्युटिंगसंग जोडिएका साइबर सुरक्षा चुनौतीका बारेमा कुनै उल्लेख छैन।

- डिजिटल फरेन्सिक अनुसन्धान कार्यलाई राष्ट्रिय साइवर सुरक्षा केन्द्रअन्तर्गत राखिने नीति लिइएको छ। यो नियमित अपराध अनुसन्धानसँग पनि सम्बन्धित विषय हो। नीतिले दुई भिन्न सरकारी निकायको क्षेत्राधिकारको दोहोरोपना र क्षेत्राधिकारसम्बन्धी सम्भावित द्वन्द्वको स्थितिलाई सम्बोधन गरेको छैन।

- साइवर सुरक्षा नीति राष्ट्रिय सुरक्षासँग प्रत्यक्ष रूपमा जोडिने विषय हो, तर नीतिले साइवर सुरक्षासम्बन्धी निकायले नियमित सुरक्षा निकायहरूसँग कसरी समन्वय गर्नेछन् र त्यसका लागि कस्तो संयन्त्र आवश्यक पर्नेछ भन्ने बारेमा विचार पुऱ्याएको छैन।

- साइबर सुरक्षा प्रक्रियामा Preparedness, Protection, Detection, Response and Recovery सँगसँगै Prevention सम्बन्धी कार्य योजना पनि समावेश गरिनु उपयुक्त हुने

थियो (११.९) । यदि यसो गरिएको भए यस नीतिले साइबर सुरक्षा तयारी अभिवृद्धिका सक्रिय उपायदेखि घटनापछिको रिकभरीसम्म (proactive measures to post-incident recovery) का कार्यहरूको विस्तृत दायरालाई समेट्ने थियो।

- तथापि नीतिगत रूपमा 'साइवर सुरक्षा प्रवर्धन', 'डिजिटल साक्षरता', 'एथिकल हयाकिंग', 'इन्कृप्सनको प्रयोग' 'नागरिक समाज तथा निजी क्षेत्र सङ्गको सहकार्य' का सम्बन्धमा नीतिगत व्यवस्था गरिनु यस नीतिको सकारात्मक पक्ष हो।

डिजिटल राइट्स नेपाल राष्ट्रिय साइवर सुरक्षा निति, २०८० मा देखिएका समस्याजनक पाटोहरू, विशेष गरी नेशनल इन्टरनेट गेटवे सम्बन्धी प्रावधानको खारेजी तथा इन्टरनेट सामग्री नियन्त्रण लगायतका अन्य प्रावधानहरूमा आवश्यक परिमार्जनका लागि सरकार, संसद्, सांसद्हरू, राजनैतिक दल, नागरिक समाज र आमसञ्चार माध्यमको ध्यानाकर्षण गराउदै नागरिक स्वतन्त्रता तथा मानव अधिकार सुनिचित गर्न अनुरोध गर्दछ।

सन्तोष सिग्देल
कार्यकारी निर्देशक
डिजिटल राइट्स नेपाल